जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily

राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २४६ | २०८३ साल बैशाख ०८ गते मंगलवार | Tuesday-21-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## कवहिगोठ सीमा नाका सहजीकरणका लागि सांसद चन्दन कुमार सिंहद्वारा पहल

***शु.आ. सम्बाददाता***
***बारा, ०७ वैशाख***

बारा क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य चन्दन कुमार सिंह ले कवहिगोठ सीमा नाकामा हुने आवागमन तथा व्यापारिक गतिविधिलाई सहज बनाउने उद्देश्यले सरोकारवाला निकायहरूसँग सोमबार छलफल गर्नुभएको छ।



उक्त छलफलमा सीमा नाकाबाट दैनिक आवतजावत गर्ने सर्वसाधारण, साना तथा ठूला व्यापारीहरूले भोग्दै आएका समस्याहरू, ढिलासुस्ती, अनावश्यक झन्झट तथा प्रक्रियागत जटिलताका विषयमा विस्तृत रूपमा कुराकानी गरिएको थियो। सहभागीहरूले सीमा व्यवस्थापनमा सुधार ल्याउन तत्कालीन र दीर्घकालीन उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता औंल्याएका थिए। सांसद सिंहले सीमा नाकामा हुने गतिविधिलाई व्यवस्थित, पारदर्शी र जनमैत्री बनाउनु आजको आवश्यकता भएको बताउँदै यसका लागि सम्बन्धित निकायहरूले जिम्मेवार ढंगले काम गर्नुपर्नेमा जोड दिनुभयो। "सीमा नाका केवल आवागमनको माध्यम मात्र नभई आर्थिक गतिविधिको मुख्य केन्द्र पनि हो, त्यसैले यहाँको व्यवस्थापन प्रभावकारी हुनुपर्छ," उहाँले भन्नुभयो।

उहाँका अनुसार सीमा सहजीकरणले स्थानीय व्यापार-व्यवसायलाई गति दिने मात्र होइन, जनताको दैनिक जीवनमा पर्ने अनावश्यक झन्झट कम गर्न पनि ठूलो योगदान पुऱ्याउनेछ। यसका लागि दुवै देशका सम्बन्धित निकायबीच समन्वय र सहकार्य अझ मजबुत बनाउनुपर्नेमा उहाँले विशेष जोड दिनुभयो। छलफलमा सीमा क्षेत्रमा कार्यरत सुरक्षाकर्मी, भन्सार कार्यालयका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि तथा व्यापारीहरूको सहभागिता रहेको थियो। सहभागीहरूले सीमा नाकामा हुने अनियमितता नियन्त्रण, सेवा प्रवाहमा सुधार, तथा पूर्वाधार विकासलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका थिए। कार्यक्रममा उठाइएका सुझावहरूलाई कार्यान्वयनमा लैजान आवश्यक पहल गरिने प्रतिबद्धता व्यक्त गर्दै सांसद सिंहले आगामी दिनमा पनि यस्ता छलफललाई निरन्तरता दिइने जानकारी दिनुभयो।

स्थानीयवासीहरूले पनि यस प्रकारको पहलले सीमा क्षेत्रको समग्र विकास र आर्थिक गतिविधि विस्तारमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन्।

## ज्येष्ठ नागरिक भत्ता अनियमितता मुद्दा : पचरौता-६ का वडाध्यक्ष सहित ७ जनाले पाए सफाइ

***शु.आ. सम्बाददाता***
***बारा, ०७ वैशाख***

बारा जिल्लाको पचरौता नगरपालिका-६ का वडाध्यक्ष मकबुल मिया अन्सारी सहित ७ जनाले ज्येष्ठ नागरिक भत्ता अनियमितता सम्बन्धी भ्रष्टाचार मुद्दामा सफाइ पाएका छन्।




विशेष अदालत का अध्यक्ष सुदर्शनदेव भट्ट, न्यायाधीश हेमन्त रावल र उमेश कोइराला को इजलासले उक्त मुद्दामा वडाध्यक्ष अन्सारीसहित सबै प्रतिवादीलाई सफाइ दिने फैसला सुनाएको हो।

यो मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले २०८२ माघ ६ गते विशेष अदालतमा दर्ता गरेको थियो। आयोगले वडाध्यक्ष अन्सारी, तीन जना तत्कालीन वडा सचिव तथा तीन जना भत्ता लाभग्राहीविरुद्ध भ्रष्टाचार मुद्दा चलाएको थियो। अभियोग पत्रमा प्रतिवादीहरूले नागरिकताको विवरणमा केरमेट गरी उमेरभन्दा बढी देखाएर ज्येष्ठ नागरिक भत्ता वितरण गरेको आरोप लगाइएको थियो। यसरी नक्कली विवरणका आधारमा राज्यलाई आर्थिक हानी पुऱ्याएको दाबी गर्दै मुद्दा दर्ता गरिएको थियो।

मुद्दामा तत्कालीन वडा सचिवहरू राजारामप्रसाद साह, पिटर थारु र सङ्गीता घिमिरे ले केरमेट गरिएको नागरिकता र गलत विवरणलाई विद्युतीय अभिलेखमा प्रविष्ट गरी भत्ता वितरणमा सहयोग गरेको आरोप थियो। अख्तियारले वडाध्यक्ष अन्सारीसँग ४ लाख ७६ हजार रुपैयाँ, साहसँग २ लाख ५२ हजार, घिमिरेसँग १ लाख ४० हजार र थारुसँग ८४ हजार रुपैयाँ बिगो दाबी गरेको थियो।

तर, विशेष अदालतले प्रमाण तथा प्रस्तुत तथ्यहरूको मूल्यांकनपछि आरोप पुष्टि हुन नसकेको ठहर गर्दै सबै प्रतिवादीलाई सफाइ दिएको जनाएको छ।

उक्त फैसलासँगै लामो समयदेखि चलिरहेको भ्रष्टाचार मुद्दाको अन्त्य भएको छ भने स्थानीय तहमा भत्ता वितरण प्रणालीको पारदर्शिता र निगरानीका विषयमा पुनः बहस सुरु हुने संकेत देखिएको छ।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**

**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

## इन्टरनेट समस्याले कलैया मालपोत कार्यालयको सेवा प्रभावित, सेवाग्राही मारमा

***उपेन्द्र पासवान***
***कलैया, ०७ बैशाख***

बारा जिल्लाको कलैया स्थित मालपोत कार्यालयमा देखिएको इन्टरनेट समस्याका कारण सेवाग्राहीहरू गम्भीर समस्यामा परेका छन्। दैनिक लाखौं रुपैयाँ राजस्व संकलन हुने यस कार्यालयमा नेटवर्क अवरोधका कारण सेवा प्रवाहमा ठूलो असर परेको हो। भूमि सुधार तथा मालपोत कार्यालय, कलैयामा केही दिनदेखि निरन्तर इन्टरनेट अवरोध भइरहँदा जग्गा सम्बन्धी कामका लागि आउने सेवाग्राहीहरूले लामो समय कुर्नुपर्ने बाध्यता रहेको छ। सेवा लिन आएका नागरिकहरू घण्टौं लाइनमा बस्न बाध्य भएका छन् भने कतिपयले काम अधुरै छाडेर फर्किनुपरेको गुनासो गरेका छन्। यस विषयमा सम्बन्धित निकाय भने मौन देखिएको छ, जसका कारण समस्या समाधानमा ढिलाइ भइरहेको सेवाग्राहीहरूको आरोप छ।





कार्यालयका आइटी प्राविधिक प्रमुख जितेन्द्र यादव र निमित्त प्रशासन प्रमुख प्रभु कुशवाहाका अनुसार इन्टरनेट समस्याकै कारण सेवा प्रवाहमा अवरोध आएको हो। उनीहरूले समस्या समाधानका लागि पहल भइरहेको बताए पनि कहिलेसम्म पूर्ण रूपमा सेवा सुचारु हुन्छ भन्ने स्पष्ट जानकारी दिन सकेनन्।

स्थानीयवासीहरूले यथाशीघ्र समस्या समाधान गरी सहज सेवा उपलब्ध गराउन सम्बन्धित निकायसँग माग गरेका छन्।

## हतियारसहित भारतीय युवक पक्राउ, लाखौँको अवैध सामान भन्सार बुझाइयो

***शु. आ. सम्बाददाता***
***रौतहट, ०७ वैशाख***

जिल्ला प्रहरी कार्यालय रौतहटले पछिल्ला केही दिनयता आफ्नो सुरक्षा गस्ती र चेकजाँचलाई तीव्र पार्दै ठूलो सफलता हात पारेको छ। सीमा क्षेत्रबाट हुने अवैध हतियार ओसारपसार नियन्त्रण गर्ने क्रममा एक भारतीय बुवक पक्राउ पर्नुका साथै भन्सार छलीका लाखौं मूल्य बराबरका सामान बरामद गरिएको छ। नेपाल-भारत सीमा क्षेत्रबाट साना हातहतियार भित्रिन सक्ने विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले एक जना भारतीय नागरिकलाई अवैध पेस्तोलसहित नियन्त्रणमा लिएको छ। बजेको समयमा बौधिमाई नगरपालिका वडा नं. ७ बंकुलस्थित माँ इँटा उद्योग नजिकै चेकजाँच गर्ने क्रममा भारत बिहार पूर्वी चम्पारण जिल्ला मौवाह ग्रामपञ्चायतका २० वर्षीय सुर्य कुमार दास पक्राउ परेका हुन्। प्रहरीका अनुसार दासले लगाएको पाइन्टभित्र लुकाई भेस्टले छोपेको अवस्थामा १ थान नलकटुवा पेस्तोल र भारतीय सिमकार्ड प्रयोग भइरहेको १ थान ओप्पो मोबाइल फेला परेको छ। पक्राउ परेका दासमाथि हातहतियार तथा खरखजाना सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक एवं सूचना अधिकारी विष्णु प्रदीप बस्यालले जनाए। त्यसैगरी प्रहरीले भन्सार छली चोरी पैठारी गरी ल्याइएका लत्ताकपडा र अवैध सवारी साधनहरू नियन्त्रणमा लिई कारबाही अगाडि बढाएको छ। सदरमुकाम गौर नगरपालिका-४ बसपार्क चोकमा गरिएको सवारी चेकजाँचका क्रममा लुकिछिपी ल्याइएका करिब रु. ९५,११३ बराबरका लत्ताकपडा बरामद गरिएको थियो। जिल्लाका विभिन्न स्थानबाट कागजात नभएका अवैध १ थान कार र ९ थान मोटरसाइकल मूल्य रु. १९,५०,००० रहेको छ, नियन्त्रणमा लिइएको थियो।



प्रहरीले जम्मा रु. २०,४५,११३ बीस लाख पैंतालिस हजार एक सय तेह्र बराबरको अवैध सामान आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाएको छ।

फेला परेको नगद धनीलाई फिर्ता

प्रहरीले इमानदारिताको परिचय दिँदै बेवारिसे अवस्थामा फेला परेको नगद रकम सम्बन्धित धनीलाई हस्तान्तरण गरेको छ।

गौर नगरपालिका-३ वि.पी. चोकस्थित फूल तारा डेरी उद्योगको गेट अगाडि पिकेट डिउटीमा खटिएका प्रहरीले रु. १९,७३२ फेला पारेका थिए। उक्त रकमबारे अनुसन्धान गर्दा राजपुर नगरपालिका-१ घर भई हाल सोही डेरीका सञ्चालक रहेका शेख शमिमको रहेको खुलेपछि प्रहरी कार्यालयमा एक कार्यक्रमका बीच निज शमिमलाई उक्त रकम जिम्मा लगाइएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटले सीमा सुरक्षा, अवैध व्यापार नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न आफ्नो टोली उच्च सतर्कताका साथ परिचालन गरिएको जनाएको छ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


# सम्पादकीय..........

## सामुदायिक विद्यालय जोगाउने दायित्व : नीतिगत दोहोरोपन अन्त्य गरौं

नेपालको शिक्षा प्रणाली अहिले गम्भीर चुनौतीको चरणमा छ । सामुदायिक विद्यालयहरु क्रमशः कमजोर बन्दै जानु यसको स्पष्ट संकेत हो । एकातिर सरकारले सबैका लागि समान र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरिरहेको छ, भने अर्कोतिर नीतिगत दोहोरोपनले सामुदायिक विद्यालयहरुलाई प्रतिस्पर्धामा पछि पारिरहेको छ । सरकारले वैशाख १५ देखि मात्र भर्ना अभियान सुरु गर्न निर्देशन दिने तर निजी विद्यालयहरु पहिले नै भर्ना अभियानमा सक्रिय हुने अवस्थाले अभिभावकहरुको रोजाइ स्वतः निजी विद्यालयतर्फ मोडिने देखिन्छ । यसले सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घटाउने खतरा बढाएको छ, जसको दीर्घकालीन असर शैक्षिक गुणस्तरमा पर्ने निश्चित छ ।

सामुदायिक विद्यालयहरु केवल शिक्षण संस्था मात्र होइनन्, ती सामाजिक समानता र अवसरको आधार हुन् । विशेष गरी ग्रामीण तथा आर्थिक रुपमा कमजोर वर्गका बालबालिकाका लागि यिनै विद्यालय शिक्षा प्राप्त गर्ने मुख्य माध्यम हुन् । यस्ता विद्यालय कमजोर हुनु भनेको सामाजिक न्यायमा असर पर्नु हो ।

विद्यार्थी संख्या घट्दा शिक्षक व्यवस्थापन, स्रोत परिचालन र विद्यालय सञ्चालनमा समस्या उत्पन्न हुन्छ । यसले गुणस्तर खस्कने दुष्चक्र सिर्जना गर्छ, जसबाट बाहिर निस्कन झन् कठिन बन्छ ।

यस अवस्थामा स्थानीय सरकारको सक्रियता सकारात्मक पक्ष हो । भौतिक पूर्वाधार सुधार, डिजिटल शिक्षण, शिक्षक तालिम, अभिभावक सचेतना र नियमित अनुगमनजस्ता प्रयासहरुले सुधारको सम्भावना देखाउँछन् । तर दीर्घकालीन समाधानका लागि केन्द्रीय तहबाट स्पष्ट, एकरुप र समन्वित नीति आवश्यक छ ।

अब समय आएको छ—नीतिगत दोहोरोपन अन्त्य गर्ने, सामुदायिक र निजी विद्यालयबीच न्यायपूर्ण प्रतिस्पर्धा सुनिश्चित गर्ने, र अभिभावक तथा समुदायको विश्वास पुनःस्थापित गर्ने ।

सामुदायिक विद्यालय "सबैको साझा सम्पत्ति" हुन् । तिनको संरक्षण र सुदृढीकरणका लागि सबै तहको सहकार्य अपरिहार्य छ । सामुदायिक विद्यालय जोगाउनु भनेको भविष्यको पुस्तालाई समान अवसर सुनिश्चित गर्नु हो ।

# अब कांग्रेस एकताको महाधिवेशन



डा. शोभाकर पराजुली

आजको आवश्यकता स्पष्ट छ- विवाद होइन, संवाद; विभाजन होइन, एकता र अतीतमा अल्झिने होइन ।

१४ औं महाधिवेशनपछि १५ औं महाधिवेशनसम्मको यात्रामा कांग्रेसले विशेष महाधिवेशनको एउटा अतिरिक्त खुड्किलो पार गर्नु परेको यथार्थ अब इतिहासको अंश भइसकेको छ । यसलाई नकार्ने वा विवादमा अल्झाइराख्नेभन्दा पनि त्यसबाट सिकेर अगाडि बढ्ने समय आएको छ । यो प्रक्रिया विवादरहित थिएन र यसको वैधानिकताबारे अदालतको निर्णय आइसकेको छ। अब गुटहरूलाई पुरानै तवरमा सक्रिय बनाइराखेर बदलिँदो राजनीतिक परिवेश अनुकूल कांग्रेस बन्न सक्दैन। यस सन्दर्भमा महत्त्वपूर्ण प्रश्न- के कांग्रेस विगतका विवादमा अल्झिरहने कि भविष्य निर्माणतर्फ केन्द्रित हुने ?

आत्मसमीक्षाको अवसर : १५औं महाधिवेशन आत्मसमीक्षाको अवसर पनि हो । गुटीय विरासतलाई जोगाइराख्न कृत्रिम विवाद सिर्जना गर्नु पार्टीको दीर्घकालीन हितमा छैन । विशेषगरी, नेतृत्वबाट टिकट लिएर चुनाव लड्ने र पछि सोही प्रक्रियालाई अस्वीकार गर्ने प्रवृत्तिले संगठनात्मक एकता, राजनीतिक नैतिकता र एकताका आधारहरूलाई कमजोर बनाउँछ। अब त्यसको अन्त्य हुनुपर्छ । त्यसैले अबको आवश्यकता भनेको आरोप-प्रत्यारोपमा अल्झिनुभन्दा एकता, सहमति, विश्वास र सहकार्यको वातावरण निर्माण गर्नु हो । समग्र देशको राजनीतिमा जुन स्तरमा परिवर्तन स्थापित भएको त्यसको दाँजोमा पार्टीले आफूलाई परिमार्जन गर्ने कि नगर्ने ? गर्नै पर्दछ ।

नेपाली राजनीतिक इतिहासमा नेपाली कांग्रेस एक यस्तो संस्था हो, जसले लोकतन्त्रको स्थापना, पुनर्स्थापना र संस्थागत सुदृढीकरणमा अग्रणी भूमिका निर्वाह गरेको छ । राणा शासनको अन्त्यदेखि लिएर २०४६ सालको जनआन्दोलन, त्यसपछिको बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना, सशस्त्र द्वन्द्वको शान्ति प्रक्रियामा रूपान्तरण र नयाँ संविधान निर्माणसम्मका प्रत्येक ऐतिहासिक मोडमा कांग्रेसको नेतृत्वदायी र निर्णायक भूमिका रहँदै आएको छ । तर, विगतको यही गौरवशाली विरासत बोकेको पार्टी आज आन्तरिक विभाजन, गुटीय मानसिकता र बदलिँदो समयसँग सामञ्जस्य मिलाउन नसक्दा गम्भीर चुनौतीहरूको सामना गरिरहेको यथार्थ स्विकार गर्ने कि नगर्ने ?

यी प्रश्नहरूको उत्तर खोज्दै जाँदा कांग्रेसप्रतिको चिन्ता र कांग्रेसको अवस्था देखेर देशप्रतिको चिन्ता मुखर भएर आउँछ। आशा कहाँनिर छ भने १५औं महाधिवेशनलाई 'एकताको महाधिवेशन' बनाउने सम्भावना भने सकिएको छैन। जुन चाहिँ भविष्यको कांग्रेस निर्माणका लागि अत्यन्त महत्त्वपूर्ण पनि छ। यसमा सम्बन्धित सबै सकारात्मक र गम्भीर बन्नैपर्दछ । पार्टीले अहिलेबाटै परस्पर विश्वास निर्माण गर्ने, विगतका असन्तोषहरू समाधान गर्ने र साझा लक्ष्यमा केन्द्रित हुने अभ्यास सुरु गर्न सक्छ। त्यसैले महाधिवेशन केवल नेतृत्व परिवर्तनको प्रक्रिया नभई संगठनात्मक पुनर्जागरणको विन्दु बन्न सक्छ । एकताको बलियो जग बन्न सक्छ।

ताजा विगतलाई नै फर्केर हेर्दा पनि धेरै कुरा सिक्न सकिन्छ। भदौ २३ र २४ गतेको 'जेन–जी आन्दोलन'ले नेपाली राजनीतिमा एउटा नयाँ सन्देश दिएको थियो । त्यो आन्दोलनले पुस्तागत अन्तर कति गहिरो छ भन्ने कुरा उजागर गऱ्यो। सडकमा रहेका युवा र सत्तामा रहेका नेताहरूबीच करिब पाँच दशकको उमेर अन्तर थियो, जसले सोच, प्राथमिकता र विश्लेषणलाई दुई ध्रुवमा विभाजित गरिदियो । लोकतन्त्रमा जनतासँग यस्तो ध्रुवीकरणको परिणाम चुनावी नतिजामा देखिनु स्वाभाविक हो।

कांग्रेसले आफ्नो अस्तित्व जोगाउनेमात्र होइन, नेपालको लोकतान्त्रिक भविष्यलाई पनि सुरक्षित गर्ने दायित्व छ, कांग्रेसमाथि। अन्यथा, गौरवशाली इतिहास केवल सम्झनाको पानामा सीमित हुने खतरा पनि उत्तिकै प्रबल छ ।

लोकतन्त्रमा जनताको अपेक्षासँग असन्तुलन हुँदा त्यसको प्रभाव निर्वाचन परिणाममा देखिएको कारणले गर्दा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीले अपेक्षाकृत कमजोर प्रदर्शन गरेको देखिन्छ । यसबीच, नेपाल कम्युनिस्ट पार्टी (एमाले)सँगको असामान्य सत्ता सहकार्यले कांग्रेसको वैचारिक स्पष्टता र जनविश्वासमा प्रश्न उठायो । परम्परागत रूपमा उदार लोकतान्त्रिक धार बोकेको पार्टीले वैचारिक रूपमा फरक धारको दलसँग सहकार्य गर्दा त्यसको औचित्य जनतामाझ स्पष्ट भएन । यसले जनविश्वासमा गिरावट ल्याएको तथ्य स्पष्ट देखिन्छ। विगतमा जनतामाझ स्थापित भरोसा कमजोर बन्दै जानु, संगठनात्मक ऊर्जा क्षीण हुनु र विचारधारात्मक स्पष्टता हराउँदै जानुले पनि जनादेशमा असर पारेको यथार्थ हो।

तर यतिमात्र होइन, सुशीला कार्की नेतृत्वमा सरकारको गठन नै निर्वाचनको मिति घोषणासँगै भएको थियो । तर, गुट र टिकट वितरणमा हस्ताक्षर अधिकारको आन्तरिक लडाइँमा कांग्रेसले समयको गणना नै भुलेको जस्तो भेउ दियो । विशेष महाधिवेशनको पक्षधर र तत्कालीन संस्थापनबीचको रस्साकस्सी चलिरहँदा नयाँ शक्तिसँग भिड्ने चुनावी रणनीति कहीँ कतै बहसमा थिएन । नभन्दै चुनाव मुखैमा आइपुग्यो। यी विषयहरू पार्टीलाई विवादको अर्को चरणमा लैजान होइन, आत्मसमीक्षाका निम्ति यतिखेर सान्दर्भिक हुन सक्छन् । भविष्यमा यस्ता त्रुटिहरू दोहोरिन नदिने गरी अघि बढ्नुपर्छ ।

नवीकृत कांग्रेस निर्माण : डिजिटल युगमा राजनीति सञ्चालनको तरिका पनि तीव्र रूपमा परिवर्तन भइरहेको छ । सामाजिक सञ्जाल, डाटा र 'एल्गोरिदम'को प्रभावमा जनमत निर्माण हुने अवस्थामा परम्परागत संगठनात्मक शैली प्रभावहीन बन्दै गइरहेको छ। 'एल्गोरिदम'को प्रभावमा जनमत निर्माण हुने समयमा कांग्रेस अझै 'दाजु नेता र अनुयायी कार्यकर्ता'को पुरानो ढर्रामा अड्किएको देखिन्छ । कांग्रेसको 'नेता केन्द्रित' संरचनामा निर्णय प्रक्रियामा व्यापक सहभागिता र पारदर्शिता अभाव छ। विशेष महाधिवेशनपछि सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले नयाँ पुस्तासँग तालमेल मिलाउने प्रयास गरे पनि त्यो प्रयास ढिलो भइसकेको थियो। गगन-विश्वले नयाँ पुस्तासँग संवाद बढाउने प्रयास गरेका छन्। उनीहरूको सक्रियता र प्रस्तुतिले पार्टीभित्र केही आशा जगाएको भनियो तर त्यो जनमतमा रूपान्तरित हुन सकेन। यो तथ्यलाई मनन् गर्नु पर्दछ।

आजको राजनीतिक सन्दर्भमा देशले अनेकौं जटिल चुनौतीहरूको सामना गरिरहेको छ- आर्थिक मन्दी, वैदेशिक निर्भरता, भू-राजनीतिक दबाब, बढ्दो बेरोजगारी र सामाजिक असन्तोष । यस्तो अवस्थामा एक सक्षम, अनुभवी र दूरदर्शी राजनीतिक शक्तिको आवश्यकता छ । कांग्रेससँग त्यो सम्भावना अझै पनि छ, तर त्यसलाई साकार पार्न संगठनात्मक सुदृढीकरण अनिवार्य छ । एक ढिक्का भएको कांग्रेसले मात्र यो सम्भावनालाई डोहोऱ्याउन सक्छ। इतिहासले प्रमाणित गरेको सत्य हो, 'कांग्रेसले संकटको समयमा देशलाई निकास दिएको छ।' तर, विगत तीन दशकको राजनीतिक अभ्यासले सिर्जना गरेका विकृतिहरू भ्रष्टाचार, गुटबन्दी, अवसरवादले ती उपलब्धिहरूलाई ओझेलमा पारेका छन् । जनतामाझ विश्वासलाई पुनः प्राप्त गर्न यी समस्याहरूको स्विकारोक्ति र समाधान दुवै अनिवार्य छ । यसको सुरुवात नै १५औं महाधिवेशनबाट एकताबद्ध र नवीकृत कांग्रेसको निर्माणबाट हुन सक्छ। अब 'डिजिटल कांग्रेस'को अवधारणा कार्यान्वयन गर्नुपर्नेछ । १५औं महाधिवेशनले एकताको जग बन्न सक्यो सजिलै अवलम्बन गर्न सकिने यो नवीकरणीय अवधारणा केवल प्रविधिको प्रयोगमात्र होइन, सोच र कार्यशैलीको रूपान्तरण पनि हो । पार्टीका ऐतिहासिक उपलब्धिहरूलाई डिजिटल माध्यमबाट प्रभावकारी रूपमा प्रस्तुत गर्नु, सदस्यता व्यवस्थापनलाई प्रविधिमैत्री बनाउनु, नीति निर्माणमा डाटा आधारित दृष्टिकोण अपनाउनुपर्ने पक्षहरूलाई यसको केन्द्रमा राख्नुपर्ने हुन्छ ।

पुस्तान्तरण, संघर्ष होइन सहकार्य : भविष्यको कांग्रेस निर्माण गर्ने सन्दर्भमा पुस्तान्तरण एउटा केन्द्रीय मुद्दा हो । युवा पुस्तालाई नेतृत्वमा अवसर दिनु आवश्यक छ, तर त्यसका साथसाथै अनुभवी नेताहरूको योगदानलाई सम्मान गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ। पुस्तान्तरणलाई संघर्षको विषय नभई सहकार्यको प्रक्रियाका रूपमा बुझ्नुपर्छ । यसका लागि केही ठोस नीतिगत सुधारहरू आवश्यक छन् । पहिलो, गुटीय संरचनालाई संस्थागत रूपमा निष्क्रिय बनाउँदै विचार र नीतिमा आधारित प्रतिस्पर्धालाई प्रोत्साहन गर्नु । दोस्रो, संगठनभित्र पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै भ्रष्टाचारप्रति शून्य सहनशीलताको नारा व्यवहारमा उतार्नु । र, तेस्रो, पार्टीभित्र युवा पुस्ताको सक्रिय सहभागिता सुनिश्चित गर्दै समग्रमा देशका युवाका प्राथमिकता–रोजगारी, शिक्षा, प्रविधिलाई पार्टीको एजेन्डामा समावेश गर्नु।

भदौ २४ पछिको राजनीतिक घटनाक्रमले देखाएको छ कि देश अझै पनि अस्थिरताको जोखिममा छ। यस्तो अवस्थामा लोकतान्त्रिक मूल्य र संस्थाहरूको संरक्षण गर्न कांग्रेसको भूमिका अहम् हुन्छ। विगतमा कांग्रेसले लिएको नीतिगत अडानले देशलाई अधिनायकवादतर्फ जानबाट रोकेको यथार्थलाई सबैले आत्मसात् गर्ने अवस्था बनाउन सक्नुपर्छ। यस अर्थमा १५औं महाधिवेशन कांग्रेसका लागि केवल संगठनात्मक प्रक्रिया होइन, आत्मसमीक्षा र पुनर्निर्माणको अवसर हो । यदि पार्टीले यसलाई एकताको आधार बनाउँदै अगाडि बढ्न सक्यो भने नयाँ ऊर्जा र जनविश्वासको पुनर्स्थापना हुनेछ । देशको भविष्यले यस्तै कांग्रेस पर्खिरहेको छ । एकता, विश्वास र साझा दृष्टिकोणको आधारमा पुनर्गठित कांग्रेसले मात्र आफ्नो ऐतिहासिक भूमिका पुनर्स्थापित गर्न सक्छ । अन्यथा, विगतको गौरवशाली इतिहास केवल सम्झनामा सीमित हुने खतरा रहिरहन्छ ।

यसैले आजको आवश्यकता स्पष्ट छ- विवाद होइन, संवाद; विभाजन होइन, एकता र अतीतमा अल्झिने होइन, भविष्य निर्माणतर्फ अग्रसर हुने साहस । सबै प्रकारका आग्रह/पूर्वाग्रहलाई सबै कांग्रेसजनले त्याग्नु पर्दछ। यदि नेपाली कांग्रेसले यो मार्ग अवलम्बन गर्न सक्यो भने १५औं महाधिवेशन साँच्चिकै एकताको जग बन्नेछ र नेपाली लोकतन्त्रको भविष्य सुदृढ हुनेछ । कांग्रेसले आफ्नो अस्तित्व जोगाउनेमात्र होइन, नेपालको लोकतान्त्रिक भविष्यलाई पनि सुरक्षित गर्ने दायित्व छ, कांग्रेसमाथि। अन्यथा, गौरवशाली इतिहास केवल सम्झनाको पानामा सीमित हुने खतरा पनि उत्तिकै प्रबल छ ।




## अन्तराष्ट्रिय समाचार

# उत्तर कोरियाको क्लस्टर क्षेप्यास्त्र परीक्षण

**काठमाडौं-** आइतबारको क्षेप्यास्त्र परीक्षणमा क्लस्टर हतियार प्रयोग गरिएको उत्तर कोरियाले सोमबार पुष्टि गरेको छ। आणविक हतियार सम्पन्न उक्त देशले छोटो दूरीका धेरै ब्यालेस्टिक मिसाइल प्रक्षेपण गर्दै आफ्नो नयाँ वारहेड क्षमताको परीक्षण गरेको जनाएको हो। कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) का अनुसार नेता किम जोङ उनको प्रत्यक्ष निगरानीमा गरिएको यो परीक्षणमा 'रणनीतिक ब्यालेस्टिक मिसाइलमा प्रयोग हुने क्लस्टर बम वारहेड र खण्डित माइन वारहेडको विशेषता र शक्तिको परीक्षण' गरिएको थियो।



परीक्षण आइतबार सम्पन्न भएको बताइएको छ। उत्तर कोरियाले पछिल्ला हप्ताहरूमा ब्यालेस्टिक मिसाइल, एन्टी-वारसिप क्रुज मिसाइल तथा क्लस्टर हतियार प्रणालीसहित विभिन्न सैन्य परीक्षणहरू गर्दै आएको छ। यसले क्षेत्रीय सुरक्षा अवस्था थप तनावपूर्ण बनाएको अन्तर्राष्ट्रिय विश्लेषकहरूको भनाइ छ। दुवै कोरियाले सन् २००८ को क्लस्टर बमसम्बन्धी ओस्लो महासन्धिमा हस्ताक्षर नगरेको अवस्थामा यो परीक्षण भएको हो।

दक्षिण कोरियाले भने उत्तरको पछिल्लो गतिविधिलाई 'उक्साहटपूर्ण' भन्दै तत्काल रोक्न आग्रह गरेको छ। केसीएनएका अनुसार परीक्षणमा ह्वासोङपो-११ए सतहदेखि सतहमा प्रहार गर्न सकिने सामरिक ब्यालेस्टिक मिसाइल प्रयोग गरिएको थियो। पाँचवटा मिसाइल करिब १३६ किलोमिटर टाढाको टापु नजिकको लक्ष्य क्षेत्रमा प्रहार गरिएको र त्यसले १२.५ देखि १३ हेक्टर क्षेत्रफलमा अत्यधिक घनत्वका विस्फोट प्रभाव देखाएको जनाइएको छ।

रिपोर्टअनुसार नेता किम जोङ उनले परीक्षणको नतिजाप्रति 'गहिरो सन्तुष्टि' व्यक्त गरेका छन्। उनले क्लस्टर वारहेड विकासले निश्चित लक्ष्य क्षेत्रमा उच्च घनत्वको प्रहार क्षमता र उच्च परिशुद्धता वृद्धि गर्ने बताए। विशेषज्ञहरूको विश्लेषणमा यो प्रणालीले बहु रकेट लन्चर र छोटो दूरीका ब्यालेस्टिक मिसाइलबीचको प्राविधिक दूरी घटाउने उद्देश्य राखेको देखिन्छ। कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका अनुसन्धानकर्ता होङ मिनका अनुसार यस्तो क्षमताले सियोल र अमेरिकी सैन्य अड्डाहरू उत्तर कोरियाको दायराभित्र अझ नजिक ल्याउन सक्छ।

सियोल विश्वविद्यालयका प्राध्यापक याङ मू-जिनका अनुसार पछिल्ला परीक्षणहरूले उत्तर कोरियाले अगाडिको मोर्चाबाट प्रत्यक्ष प्रक्षेपण गर्न सकिने प्रणाली परिचालनको नजिक पुगेको सङ्केत गर्छ। यसले दक्षिण कोरिया र अमेरिकी अड्डाहरूमा तत्काल खतरा बढाउन सक्ने उहाँको मूल्याङ्कन छ। संयुक्त राज्य अमेरिकाले दक्षिण कोरियामा करिब २८ हजार सैनिक तैनाथ गरेको छ, जसले क्षेत्रीय सुरक्षा संरचनामा महत्त्वपूर्ण भूमिका खेलेको छ।

यसैबीच, दक्षिण कोरियाले आइतबार उत्तर कोरियाको सिन्पो क्षेत्रबाट धेरै छोटो दूरीका ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरिएको पुष्टि गरेको छ। सियोलले अमेरिकासँग 'दृढ संयुक्त रक्षा स्थिति' कायम रहेको बताउँदै कुनै पनि उक्साहटको कडा जवाफ दिने चेतावनी दिएको छ। दक्षिण कोरियाली रक्षा मन्त्रालयले उत्तर कोरियालाई लगातार क्षेप्यास्त्र परीक्षण रोक्न आग्रह गर्दै यसले क्षेत्रीय तनाव बढाइरहेको जनाएको छ। साथै, शान्ति स्थापना प्रयासमा सहभागी हुन पनि आग्रह गरिएको छ।

विश्लेषकहरूका अनुसार पछिल्ला परीक्षणहरूले उत्तर कोरियाले दक्षिण कोरियासँग सम्बन्ध सुधार गर्ने प्रयासलाई अस्वीकार गरेको सङ्केत गर्छ। केही महिनाअघि ड्रोनसम्बन्धी विवादपछि सम्बन्ध थप चिसिएको उल्लेख गरिएको छ। उत्तर कोरियाले संयुक्त राष्ट्रसङ्घका प्रतिबन्धहरूबीच लगातार हतियार विकास जारी राखेको छ। यसले ब्यालेस्टिक मिसाइल प्रविधि र आणविक कार्यक्रमसम्बन्धी प्रतिबन्धहरू बारम्बार उल्लङ्घन गर्दै आएको छ। यसअघि अप्रिल महिनामा किम जोङ उनले नौसेनाको युद्धपोतबाट प्रक्षेपण गरिएको क्रुज मिसाइल परीक्षणको निरीक्षण गरेका थिए।

सो परीक्षण चो ह्योन नामक पाँच हजार टन वर्गको युद्धपोत जहाजबाट गरिएको थियो, जुन गत वर्ष सञ्चालनमा आएको हो। उत्तर कोरियाले थप दुईवटा त्यस्तै वर्गका युद्धपोत निर्माण गरिरहेको छ। साथै, रूससँगको सैन्य सहकार्य बढ्दै गएको भन्दै विश्लेषकहरूले प्योङयाङले नौसैनिक आधुनिकीकरणलाई तीव्र बनाएको बताएका छन्। रिपोर्टअनुसार उत्तर कोरियाले युक्रेन युद्धमा रूसलाई समर्थन गर्न स्थल सेना र तोपखाना सहयोग पठाएको छ भने बदलामा मस्कोबाट सैन्य प्रविधि सहयोग प्राप्त गरिरहेको अनुमान गरिएको छ।




# अदालतको आदेशपछि वीरगंजको बाइपास सडक विस्तार योजना स्थगित

*पर्सा, ०७ बैशाख*

वीरगंज महानगरपालिकाले अघि बढाएको नेपाल आयल निगम क्षेत्रीय कार्यालयदेखि मुर्ली चोकसम्मको सडक विस्तार योजना अदालतको हस्तक्षेपपछि तत्कालका लागि रोकिएको छ।



उच्च अदालत जनकपुर को अस्थायी इजलास, वीरगंजले निषेधाज्ञा जारी गर्दै आवश्यक कानुनी प्रक्रिया पूरा नगरी निजी जग्गा समेटिने गरी सडक विस्तार नगर्न आदेश दिएको हो।

महानगरपालिकाले वडा नं. १२ र १३ को सीमाक्षेत्रमा पर्ने बाइपास सडकलाई मध्य भागबाट दायाँ-बायाँ ५-५ मिटर विस्तार गरी कुल १० मिटर चौडा बनाउने योजना अघि सारेको थियो। यसैअनुसार केही दिनअघि सूचना जारी गर्दै नेपाल आयल निगम क्षेत्रीय कार्यालयदेखि सबाह अन्सारीको घरसम्मको खण्ड विस्तार गरिसकेको र बाँकी क्षेत्रमा रहेका संरचना २४ घण्टाभित्र हटाउन निर्देशन दिइएको थियो।

तर प्रभावित स्थानीयवासीहरू अदालत पुगेपछि मुद्दा विचाराधीन रहँदा अदालतले जग्गा प्राप्ति ऐन, २०३४ अनुसारको प्रक्रिया पूरा नगरी सडक विस्तार कार्य अघि नबढाउन स्पष्ट आदेश दिएको छ। आदेशसँगै संरचना हटाउने कार्य तथा निर्माण प्रक्रिया रोकिएको महानगर प्रशासनले जनाएको छ।

यसअघि महानगरले २०८१ माघ १३ गते नै सार्वजनिक सूचना जारी गरी सम्बन्धित क्षेत्रका घरधनीलाई संरचना हटाउन आग्रह गरेको थियो। तर उचित क्षतिपूर्ति, वैकल्पिक व्यवस्था तथा कानुनी प्रक्रियाको माग गर्दै स्थानीयवासीहरूले विरोध जनाउँदै आएका थिए, जसका कारण योजना कार्यान्वयनमा अवरोध हुँदै आएको थियो। स्थानीयहरूका अनुसार सडक विस्तारले यातायात व्यवस्थापनमा सुधार आउनेमा उनीहरू सहमत भए पनि कानुनी प्रक्रिया पालना नगरी घरजग्गा खाली गर्न नसकिने अडान यथावत रहेको छ।

अदालतको पछिल्लो आदेशसँगै सडक विस्तार योजनाको भविष्य अब कानुनी प्रक्रियाको टुंगो लागेपछि मात्र स्पष्ट हुने देखिएको छ।

# ह्युमन लभ च्यारिटी फन्डको सक्रियता : ४ वर्षमा ३०० परिवारलाई सहयोग

हरि किशोर शर्मा
पर्सा, ०७ वैशाख

पर्साको धोबिनी गाउँपालिका-५ मा सक्रिय ह्युमन लभ च्यारिटी फन्ड ले विगत चार वर्षदेखि निरन्तर सामाजिक सेवा गर्दै करिब ३०० भन्दा बढी विपन्न तथा असहाय परिवारलाई प्रत्यक्ष सहयोग पुऱ्याएको जनाएको छ।

संस्थाले स्वास्थ्य, शिक्षा तथा आपतकालीन राहतका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। बाढीपीडित परिवारलाई राहत वितरणदेखि आगलागी प्रभावितहरूको पुनःस्थापनासम्मका कार्यमार्फत स्थानीय समुदायमा सकारात्मक प्रभाव पार्न सफल भएको संस्थाले जनाएको छ।

विशेषगरी संस्थाद्वारा सञ्चालन गरिएको "सहारा विवाह अभियान" समुदायमा निकै प्रभावकारी कार्यक्रमका रूपमा स्थापित भएको छ। उक्त अभियानमार्फत एक वर्षमै




१६ जना आर्थिक रूपमा कमजोर परिवारका छोरीहरूको विवाहमा सहयोग प्रदान गरिएको थियो, जसले सामाजिक रूपमा सकारात्मक सन्देश प्रवाह गरेको छ।

संस्थाले आगामी दिनमा उक्त अभियानलाई निरन्तरता दिँदै प्रत्येक वर्ष कम्तीमा पाँच जना गरिब तथा विपन्न परिवारका छोरीहरूको विवाहमा सहयोग गर्ने योजना अघि सारेको छ।

संस्थाका अध्यक्ष डा. इम्रान अन्सारी ले शिक्षा, स्वास्थ्य तथा विपद् व्यवस्थापनका क्षेत्रमा थप प्रभावकारी कार्यक्रम विस्तार गर्ने योजना रहेको जानकारी दिनुभयो। साथै, संस्थालाई सहयोग गर्ने सम्पूर्ण व्यक्तिहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहकार्यको अपेक्षा गर्नुभयो।

स्थानीयवासीहरूका अनुसार संस्थाको निरन्तर सक्रियताले समुदायमा सहयोग, सहकार्य र सामाजिक उत्तरदायित्वको भावना सुदृढ हुँदै गएको छ।

**जनहितमा जारी सन्देश**

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं।
- सडेगलेका तथा बासी खाना नखाऔं।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा

**यमुनामाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं।

यमुनामाई गाउँपालिकाको कार्यालय, सरूअठा, रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - बहुदरमाई नगरपालिका पर्सा

# गौरमा अटो र इभी सञ्चालन सम्बन्धी विवाद चर्कियोः सडक ठप्प पार्ने व्यवसायीको चेतावनी

*शु. आ. सम्बाददाता*
*रौतहट, ०७ वैशाख*

मधेस प्रदेशको राजधानी जनकपुरपछिको मुख्य व्यापारिक केन्द्र मानिने रौतहटको सदरमुकाम गौरमा पछिल्लो समय अटो तथा विद्युतीय सवारी (इभी) सञ्चालनलाई लिएर नगरपालिका र व्यवसायीबीचको विवाद उत्कर्षमा पुगेको छ । नगरपालिकाले सवारी सञ्चालनमा कडाइ र नियमन गर्ने तयारी गरेसँगै साना सवारी चालकहरू आन्दोलित भएका हुन् ।



गौर नगरपालिकाले नगर क्षेत्रभित्र बढ्दो ट्राफिक जाम र अव्यवस्थित यातायातलाई मध्यनजर गर्दै नयाँ नियम लागू गर्न खोजेपछि विवाद सुरु भएको हो । नगरपालिकाका अनुसार गौरभित्र चल्ने अटोहरूले निर्धारित रुट भन्दा बाहिर गएर र जथाभावी यात्रु ओसारपसार गर्दा ठूला यातायात ( बस र म्याजिक) को व्यवसाय धरासायी बनेको छ ।

विशेषगरी गौर-चन्द्रपुर सडक खण्डमा तीनपांग्रे सवारी सञ्चालनमा लगाइएको रोकलाई प्रभावकारी बनाउन नगरपालिकाले चालेको कदमप्रति अटो व्यवसायीहरूले कडा आपत्ति जनाएका छन् ।

सोमबार दिउँसो अटो व्यवसायी संघमा आबद्ध ठूलो संख्याका चालकहरूले नगरप्रमुख शम्भु साहलाई भेटेर आफ्ना समस्या राखेका थिए । व्यवसायीहरूको मुख्य गुनासो नगरपालिकाले आफूहरूलाई गरिखान नदिएको र एकलौटी निर्णय लाद्न खोजेको भन्ने छ । अटो व्यवसायी संघका अध्यक्ष सुरेन्द्र साहका अनुसार हामीले बिरामी बोक्न समेत नपाउने गरी रोक लगाउनु अन्यायपूर्ण छ । यात्रुहरू विभिन्न स्थानका हुन्छन्, उनीहरूलाई गन्तव्यसम्म पुर्‍याउन पाउनु हाम्रो अधिकार हो ।

त्यस्तै इभी चालक राहुल झाले आफूहरूले नगरपालिकालाई नियमित कर तिर्दै आएको उल्लेख गर्दै भने, कर तिरेर पनि आफ्नै सहरमा निर्वाध रूपमा सवारी चलाउन नपाउनुले हाम्रो जीविकोपार्जनमा संकट पैदा गरेको छ । व्यवसायीहरूले आफ्ना माग सम्बोधन नभए गौर-चन्द्रपुर सडक खण्ड पूर्ण रूपमा अवरुद्ध गर्ने चेतावनी समेत दिएका छन् ।

# वरिष्ठ शिक्षक रामबाबु प्रसाद कुशवाहाको सम्मानसहित बिदाइ

*शु.आ. सम्बाददाता*
*कलैया, ०७ वैशाख*

बारा जिल्लाको कलैया उपमहानगरपालिका-१० मटिआर्वास्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय मा वरिष्ठ शिक्षक रामबाबु प्रसाद कुशवाहा को सम्मानसहित बिदाइ कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ ।




कार्यक्रम वडा नं. १० का वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष महम्मद साबिर मिया ठकुराइ को अध्यक्षतामा सम्पन्न भएको थियो भने प्रमुख अतिथिका रूपमा बिनोद प्रसाद साह उपस्थित रहनुभएको थियो । विशिष्ट अतिथिहरूमा शिक्षा प्रमुख राजिव यादव, जिल्ला शिक्षा समन्वय इकाइका संतोष शर्मा, पूर्व शिक्षक सत्यनारायण कुशवाहा, राहत शिक्षक संघका केन्द्रीय उपाध्यक्ष बिनोद पासवान, शिक्षक संघका उपाध्यक्षहरू राजकिशोर सहनी र अवध गिरि लगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी शिक्षा समितिका सदस्यहरू जियालाल चौधरी, अजय तिवारी, सगीर मिया, मनोज जयसवाल, वडा नं. १० स्वास्थ्य चौकीकी सालिना महतो, समाजसेवीहरू प्रभात चौरसिया र बंका महतो, वडा सचिव रामबाबु कुशवाहा, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा शिक्षा प्रेमीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य गजेन्द्र प्रसाद यादव ले राख्नुभएको थियो भने सञ्चालन सुनिल पंडित ले गर्नुभएको थियो ।

सम्मानित शिक्षक कुशवाहाले २०४५ सालमा दुर्गा माध्यमिक विद्यालय बाट अस्थायी रूपमा शिक्षण पेशा सुरु गर्नुभएको थियो । २०४७ सालदेखि मटिआर्वास्थित विद्यालयमा सेवा प्रारम्भ गरी विभिन्न विद्यालयहरूमा अध्यापन गर्दै आउनुभएको उहाँले २०७९ सालमा नेपाल सरकारको शिक्षा आयोगबाट प्रथम श्रेणी प्राप्त गर्नुभएको थियो । गणित र विज्ञान विषयमा उहाँको योगदान विशेष रूपमा उल्लेखनीय रहेको छ ।

२०८३ वैशाख ७ गतेदेखि औपचारिक रूपमा अवकाश प्राप्त गर्नुभएका कुशवाहालाई विद्यालयले सम्मानपत्र, दोसल्ला तथा मायाको चिनो प्रदान गर्दै भावपूर्ण बिदाइ गरेको थियो ।

कार्यक्रममा वक्ताहरूले उहाँको शिक्षण यात्राको उच्च प्रशंसा गर्दै शिक्षा क्षेत्रमा पुर्‍याउनुभएको योगदान सधैं स्मरणीय रहने बताएका थिए । अनुशासन, मेहनत र समर्पणका साथ विद्यार्थीहरूको भविष्य निर्माणमा उहाँले खेलेको भूमिका अत्यन्त प्रेरणादायी रहेको उल्लेख गरिएको थियो ।

कार्यक्रम भावुक वातावरणमा सम्पन्न भएको थियो, जहाँ विद्यार्थी तथा सहकर्मी शिक्षकहरूले उहाँको आगामी जीवन सुखद, स्वस्थ र सफल रहोस् भन्ने शुभकामना व्यक्त गरेका थिए ।

# शैक्षिक सत्र २०८३ लक्षित विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न कलैया उपमहानगरपालिकाको निर्देशन

*कलैया, ०७ वैशाख*

कलैया उपमहानगरपालिका ले आगामी शैक्षिक सत्र २०८३ लाई लक्षित गर्दै विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न तथा विद्यालय व्यवस्थापनसँग सम्बन्धित विभिन्न कार्यक्रम अघि बढाउन निर्देशन दिएको छ ।




नगर कार्यपालिकाको कार्यालयअन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखाले जारी गरेको पत्रमार्फत उपमहानगरभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न अनुरोध गरिएको हो ।

जारी सूचनाअनुसार, वैशाख १५ गतेसम्म विद्यार्थी भर्ना अभियान सञ्चालन गर्नुका साथै अभिलेखीकरण, वार्षिक कार्यतालिका निर्माण, वार्षिक कार्ययोजना तयार पार्ने तथा शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरिएको छ । त्यसैगरी विद्यालय सुधार योजना निर्माणलाई पनि प्राथमिकतामा राख्न आग्रह गरिएको छ । वैशाख १६ गतेदेखि नियमित रूपमा पठनपाठन सञ्चालन गर्न समेत निर्देशन दिइएको छ ।

उक्त निर्देशन नगर प्रमुखको आदेशानुसार जारी गरिएको शिक्षा शाखाले जनाएको छ । पत्रमा शिक्षा शाखा प्रमुख राजिव कुमार यादव को हस्ताक्षर रहेको छ ।

यस पहलले नयाँ शैक्षिक सत्रलाई व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ भने विद्यार्थी भर्ना दर वृद्धि र शिक्षाको गुणस्तर सुधारमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

# सशस्त्र प्रहरी बल नं. १३ गण वीरगञ्जमा १९औँ स्थापना दिवस भव्य रुपमा सम्पन्न

*हरि किशोर शर्मा*
*पर्सा, ०७ वैशाख*

सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण मुख्यालय, वीरगञ्जमा १९औँ स्थापना दिवस तथा वार्षिक उत्सव भव्य रूपमा सम्पन्न भएको छ । आकर्षक सजावट, पुष्पमालाले सुसज्जित मञ्च तथा सुरक्षाकर्मीहरूको उल्लेखनीय उपस्थितिबीच कार्यक्रम गरिमामय वातावरणमा आयोजना गरिएको थियो । समारोहका प्रमुख अतिथि मधेश प्रदेश प्रमुख कृष्ण ढकाल रहेका थिए भने कार्यक्रमको अध्यक्षता गणपति मोहन बहादुर क्षेत्री ले गर्नुभएको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक सुदीप पाठक लगायत विभिन्न सुरक्षा निकायका प्रतिनिधि, विशिष्ट व्यक्तित्व तथा आमन्त्रित अतिथिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।




कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि ढकालले सशस्त्र प्रहरी बलले स्थापना कालदेखि नै राष्ट्रको सुरक्षा, सीमा व्यवस्थापन तथा विपद् उद्धारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्नुभयो । "सशस्त्र प्रहरी बल केवल सुरक्षा निकाय मात्र नभई राष्ट्रको भरोसाको संस्था हो," उहाँले भन्नुभयो ।

उहाँले सीमाको रक्षा, शान्ति सुरक्षा कायम र विपद् व्यवस्थापनमा संस्थाको योगदान सराहनीय रहेको उल्लेख गर्दै आगामी दिनमा अझ अनुशासित, जिम्मेवार र प्रविधिमैत्री ढंगले काम गर्नुपर्नेमा जोड दिनुभयो । साथै, सुरक्षाकर्मीहरूको समर्पण, त्याग र कर्तव्यनिष्ठा नै संगठनको मुख्य शक्ति भएको बताउँदै व्यावसायिकता र नैतिकताको उच्च मापदण्ड कायम राख्न आग्रह गर्नुभयो ।

समारोहका क्रममा सशस्त्र प्रहरी बलको इतिहास, उपलब्धि तथा वर्तमान भूमिकाबारे प्रकाश पारिएको थियो । उत्कृष्ट कार्य गर्ने सुरक्षाकर्मीहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो भने उनीहरूको योगदानको उच्च मूल्यांकन गरिएको थियो ।

कार्यक्रमलाई थप आकर्षक बनाउन सांस्कृतिक प्रस्तुति, अनुशासित परेड प्रदर्शन तथा विविध मनोरञ्जनात्मक कार्यक्रमहरू प्रस्तुत गरिएको थियो, जसले उपस्थित दर्शकहरूको मन जित्न सफल भएको थियो ।

समारोहमा सहभागीहरूले संगठनप्रति समर्पण, अनुशासन र राष्ट्रसेवाको भावनालाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा अझ प्रभावकारी सेवा प्रवाह गर्ने अठोट व्यक्त गरेका थिए ।

# दलित बालबालिकाको शिक्षामा योगदान पुर्‍याउने युवा अभियन्ता मनोज राम सशस्त्र प्रहरीद्वारा सम्मानित

*राजन कुमार बानियाँ*
*पर्सा, ०७ वैशाख*

दलित बालबालिकाको शिक्षामा सक्रिय रूपमा काम गर्दै आएका पर्साका युवा अभियन्ता मनोज राम लाई सशस्त्र प्रहरी बल नेपाल ले सम्मानित गरेको छ ।



वीरगञ्जस्थित सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण मुख्यालयमा आयोजित १९औँ स्थापना दिवसको अवसरमा सोमबार सम्पन्न कार्यक्रममा रामलाई कदरपत्र प्रदान गर्दै सम्मान गरिएको हो ।

समारोहमा सशस्त्र प्रहरी नायब महानिरीक्षक कृष्ण ढकाल ले उनलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो । राम पिस फर दलित फाउन्डेसन पर्साका अध्यक्षसमेत हुन् ।

उनकै पहलमा पर्साको ग्रामीण क्षेत्रका विभिन्न दलित बस्ती, विशेषगरी मुसहर समुदायका बालबालिकाका लागि निःशुल्क ट्युसन कक्षा सञ्चालन हुँदै आएको छ । शिक्षा पहुँचबाट वञ्चित समुदायका बालबालिकालाई विद्यालयसँग जोड्ने तथा उनीहरूको शैक्षिक स्तर उकास्ने उद्देश्यले सञ्चालन गरिएको उक्त अभियानले सकारात्मक प्रभाव पार्दै आएको छ ।

सशस्त्र प्रहरी उपरीक्षक मोहन बहादुर क्षेत्री का अनुसार दलित तथा सीमान्तकृत समुदायको उत्थान, शिक्षा पहुँच अभिवृद्धि र सामाजिक सचेतना विस्तारमा रामले खेलेको सक्रिय भूमिकाको कदरस्वरूप सम्मान प्रदान गरिएको हो ।

सम्मान ग्रहण गर्दै अभियन्ता रामले उक्त सम्मानले आफूलाई थप जिम्मेवार बनाएको उल्लेख गर्दै आगामी दिनमा समाजसेवामा अझ सक्रिय रूपमा लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, अवकाशप्राप्त कर्मचारी तथा विभिन्न सामाजिक अभियन्ताहरूलाई समेत सम्मान गरिएको थियो ।


**सामाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

**सखुवा प्रसौनी गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा कर  मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

सखुवा प्रसौनी गाउँपालिकाको कार्यालय, सखुवा प्रसौनी, पर्सा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका